धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

**सिद्धार्थ म्युचुअल फण्ड**

अन्तर्गत संचालन हुने

# सिद्धार्थ व्यवस्थित लगानी योजना

# (Siddhartha Systematic Investment Scheme)

**(खुलामुखी योजना)**

को

# थप जानकारी पत्र

# (Statement of Additional Information)


**कोष प्रवर्द्धक:**

SiddharthaBank

**सिद्धार्थ बैंक लिमिटेड**
पो. ब. नं. १३८०६, नक्साल, काठमाण्डौं ।
फोन नं : ५९७०७२०, फ्याक्स: ४४४२९२१
ईमेल: sbl@siddharthabank.com
वेव साईट: www.siddharthabank.com

**योजना व्यवस्थापक:**

Siddhartha Capital Limited
Investing happiness

**सिद्धार्थ क्यापिटल लिमिटेड**
पो. ब. नं. २१२००, नारायणचौर, नक्साल, काठमाण्डौ
फोन नं. ०१-५९७०७४७ फ्याक्स नं. ०१-४५२०९२९
ईमेल: scl@siddharthacapital.com
वेव साईट: www.siddharthacapital.com


मिति: २०८१/०६/२२

Siddhartha Capital Limited
Investing happiness

**प्रस्तावना:** नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त सिद्धार्थ व्यवस्थित लगानी योजना को आकार रु.१ अर्बबाट बृद्धि गरी रु.१.५ अर्ब कायम गर्न मिति २०८१/०६/२२ गते नेपाल धितोपत्र बोर्डबाट स्वीकृति पत्र (चलानी नं.:९६७) अनुसार सिद्धार्थ व्यवस्थित लगानी योजना को आकार हाल कायम रु.१ अर्बबाट रु.१.५ अर्ब कायम गर्न तथा विवरण पुस्तिकामा उल्लेखित विवरणहरुमा भएको परिवर्तनहरुलाई अध्यावधिक गर्ने तथा योजना संग सम्बन्धित थप विवरणहरु आम लागानीकर्ताहरुलाई जानकारी गराउने उद्देश्यका साथ यो थप जानकारी पत्र (Statement of Additional Information) तयार गरिएको हो र यो विवरण पुस्तिकाको अंशको रुपमा रहनेछ ।

नोट: यस थप जानकारी पत्रले योजनाको गुणस्तर वा कुनै पनि प्रतिफलबारे सुनिश्चितताको प्रत्याभुति गर्दैन । कृपया यस योजनामा लगानी गर्नु अगाडि मुख्य विवरण पुस्तिका र थप जानकारी पत्र समावेश भएका विवरणहरुको राम्रो संग अध्ययन गर्नुहोला ।

**१. योजना सम्बन्धी महत्वपूर्ण विवरणहरु:**

| | | |
|---|---|---|
| क | योजनाको नाम | **सिद्धार्थ व्यवस्थित लगानी योजना (Siddhartha Systematic Investment Scheme)** |
| ख | योजनाको प्रकार | खुलामुखी (Open-end) |
| ग | योजनाको अवधि | लागु नहुने |
| घ | योजना परिपक्व हुने मिति | लागु नहुने |
| ङ | प्रति इकाई मूल्य | रु.१०/- (अक्षरेपी दश) |
| च | योजनाको प्रारम्भिक आकार | रु.२०,००,००,०००।- (अक्षरेपी बीस करोड) |
| छ | योजनाको स्विकृत आकार | रु.१,५०,००,००,०००।- (अक्षरेपी एक अर्ब पचास करोड) |
| ज | खरीद गर्नुपर्ने न्यूनतम इकाई संख्या | १०० इकाई (SIP को हकमा न्यूनतम रकम रु.१०००/-) |
| झ | खरीद गर्न सकिने अधिकतम इकाई संख्या | कुल निष्काशनको अधिकतम १०% |
| ञ | इकाई बिक्री केन्द्रहरु | योजना व्यवस्थापक तथा योजना व्यवस्थापकले तोकेको वितरकको माध्यमबाट खरिद बिक्री गर्न सकिनेछ । |
| ट | कोष प्रवर्द्धकको रेटिङ्ग | रेटिङ्ग कम्पनी: इक्रा नेपाल लिमिटेड, काठमाडौं<br>रेटिङ्ग: **[ICRANP-IR] BBB+@**<br>रेटिङ्ग संकेत: **[ICRANP-IR] BBB+@** ले moderate degree of safety regarding timely servicing of financial obligations जनाउँछ।<br>क्रेडिट रेटिङ्ग प्रदान गरिएको मिति: ०५ फब्रुवरी २०२४ (माघ २२, २०८०)<br>क्रेडिट रेटिङ्ग बहाल रहने अवधि: ०४ फब्रुवरी २०२५ (माघ २२, २०८१) |
| ठ | योजना व्यवस्थापकको रेटिङ्ग | रेटिङ्ग कम्पनी: श्री इक्रा नेपाल लिमिटेड, काठमाडौं<br>रेटिङ्ग: **"[ICRANP] AMC Quality 3+ reaffirmed (AMC3+)"** (Asset Management Company Quality Three Plus). उक्त रेटिङ्गले adequate assurance on management quality जनाउँछ ।<br>क्रेडिट रेटिङ्ग प्रदान गरिएको मिति: ०९ अक्टुबर २०२४ (आश्विन २३, २०८१)<br>क्रेडिट रेटिङ्ग बहाल रहने अवधि: ०८ अक्टुबर २०२५ (आश्विन २२, २०८२) |



Siddhartha Capital Limited
Investing happiness

| | | |
|---|---|---|
| ड | योजनाको लेखापरीक्षकको नाम तथा ठेगाना | पि.जे.पि.एन. एण्ड कम्पनी, कमलपोखरी, काठमाडौं । |
| ढ | कोष सुपरिवेक्षकको नाम तथा ठेगाना | १. डा. रामकृष्ण तिमल्सेना, का.म.न.पा. वडा नं.१४, कलंकी, काठमाण्डौ ।<br>२. श्री विश्व प्रकाश पण्डित, का.म.न.पा. वडा नं.१४, कलंकी, काठमाण्डौ ।<br>३. श्री प्रताप प्रसाद प्रधान, ल.पु.उ.म.न.पा. वडा नं.३, ललितपुर ।<br>४. श्री राधाकृष्ण पौड्याल, का.म.न.पा. वडा नं.१०, वानेश्वर ।<br>५. श्री सूर्य प्रसाद भण्डारी, पोखरा न.पा.२८, कास्की । |

**२. संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शैक्षिक योग्यता र अनुभव :**

| क्र. सं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | श्री मोहित केडिया | अध्यक्ष | ४० वर्ष | नेपाली | वीरगञ्ज-७, अलैखिया रोड | सि.ए. | सिमेन्ट तथा ट्राभल एण्ड टुर्स व्यवसायमा १२ वर्ष भन्दा बढीको अनुभव । अर्घाखाँची सिमेन्ट प्रा. लि. तथा बृज सिमेन्ट प्रा. लि., संचालकको रुपमा आवद्ध भैरहेको अनुभव । |
| २. | श्री वरुण कुमार तोदी | संचालक | ३६ वर्ष | नेपाली | विराटनगर, मोरङ्ग | ए.सि.ए. | U.K. स्थीत PricewaterhouseCoopers LLP मा ३ वर्षको अनुभव, रिलाईन्स सुपरटेक सिमेन्टमा तथा रिलाईन्स पेपर मिल्स्मा अनुभव । |
| ३. | श्री शेर बहादुर बुढाथोकी | संचालक | ५८ वर्ष | नेपाली | गोपिकृष्ण मार्ग, महाराजगंज, काठमाडौं | एम.बि.ए. | बैंकिङ्ग क्षेत्रमा ३५ वर्ष भन्दा बढीको कार्य अनुभव । नबिल बैंक लि. मा करीब १४ बर्ष काम गरेको अनुभव तथा विगत करीब २१ वर्ष देखि सिद्धार्थ बैंक लि.मा आवद्ध । |
| ४. | श्री किरण थापा | स्वतन्त्र संचालक | ५१ वर्ष | नेपाली | अर्खले-७, गुल्मी, लुम्बिनी | एम.बि.ए. | वित्त शास्त्रको अध्यापन कार्यमा २४ वर्ष भन्दा बढीको अनुभव, वित्त शास्त्रसँग सम्बन्धीत विभिन्न पुस्तक लेखन तथा प्रकाशन । विगत १८ वर्ष देखि शंकर देव क्याम्पसमा आवद्ध । |
| ५. | श्री ऋषि राज गौतम | स्वतन्त्र संचालक | ५१ वर्ष | नेपाली | काठमाण्डौ | एमफिल | प्राध्यापन क्षेत्रमा २१ वर्ष भन्दा बढीको कार्यानुभव । विगत १५ वर्ष देखि शंकर देव क्याम्पसमा आवद्ध । |

नोटः श्री वरुण कुमार तोदी मिति २०८१/०६/१८ गते सम्पन्न भएको १३औं साधारण सभाबाट नियुक्त हुनुभएको ।

Siddhartha Capital Limited
Investing happiness

३. योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय कर्मचारी सम्बन्धी जानकारी:

| क्र. सं. | कर्मचारीको नाम | पद | उमेर | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|
| १. | श्री सन्दिप कार्की | प्रमुख कार्यकारी अधिकृत | ४२ वर्ष | एम.वि.ए | यस सिद्धार्थ क्यापिटल लिमिटेडमा करीब ६ बर्ष काम गरेको अनुभव र सो भन्दा पहिले मर्चेन्ट बैंकिङ्ग तथा पूँजी बजार क्षेत्रमा एनएमबि बैंक लिमिटेडमा ४ वर्ष, नबिल बैंक लिमिटेडमा करीब ४ वर्ष तथा कृति क्यापिटल तथा इन्भेष्टमेन्ट लिमिटेडमा ४ वर्ष गरी करिब २० वर्ष काम गरेको अनुभव । |
| २. | श्री मुक्तिनाथ सुबेदी | प्रमुख संचालन अधिकृत | ३५ वर्ष | सी.ए., एम.बी.एस. एल.एल.बी. बि.कम. | यस सिद्धार्थ क्यापिटल लिमिटेडमा करीब ४ बर्ष काम गरेको अनुभव र पूँजी बजार, नेपाल धितोपत्र बोर्ड, अडिट फर्म तथा अन्य क्षेत्रमा गरी करीब ११ वर्षको अनुभव । |
| ३. | श्री रिकेश श्रेष्ठ | प्रमुख मर्चेन्ट बैकिङ्ग तथा बिजनेश डेभलपमेण्ट | ३६ वर्ष | एम.वि.ए. | पूँजी बजार क्षेत्रमा करीब १२ वर्षको अनुभव । |
| ४. | श्री निराजन कार्की | प्रमुख इन्भेष्टमेन्ट तथा रिसर्च | ३९ वर्ष | एम.एस.सी (फाइनान्स) | पूँजी बजार तथा बैंक तथा वित्तीय संस्था क्षेत्रमा करीब १० वर्षको अनुभव । |
| ५. | श्री रुपेश राउत | प्रमुख फाइनान्स तथा अपरेशन्स् | ३२ वर्ष | एम.बी.एस. | विभिन्न बैंक तथा वित्तिय संस्थाको लेखा तथा वित्तिय विभागमा ११ वर्षभन्दा बढीको अनुभव । |
| ६. | श्री सागर श्रेष्ठ | इन्फर्मेशन टेक्नोलजी तथा डिजीटल ट्रान्सफर्मेशन | ३३ वर्ष | एम.बी.ए. | आइटी क्षेत्रमा ११ वर्षभन्दा बढीको अनुभव । |

**४. सिद्धार्थ व्यवस्थित लगानी योजनाको Exit Load सम्बन्धि व्यवस्था:**

सिद्धार्थ व्यवस्थित लगानी योजनाको विवरण पुस्तिकाको ***दफा ९.५ को सार्वजनिक निष्काशन पश्चात् इकाई पुर्नखरिद तथा बिकी सम्बन्धी व्यवस्थाको उपदफा क(५) मा*** रहेको "इकाईधनीले इकाई खरीद गरेको तीन वर्ष पश्चात् खुद सम्पत्ती मूल्यमा कट्टा गरिने १.५ प्रतिशत बहिर्गमन शूल्क (Exit Load) छुट हुने व्यवस्था गरिएको छ ।" भन्ने व्यवस्थालाई इकाईधनीहरुको हितलाई मध्यनजर गरी "इकाईधनीले इकाई खरीद गरेको एक वर्ष पश्चात् खुद सम्पत्ती मूल्यमा कट्टा गरिने १.५ प्रतिशत बहिर्गमन शूल्क (Exit Load) छुट हुने व्यवस्था कायम गरिएको" भन्ने व्यवस्था गरिएको छ ।

**५. योजनामा अर्न्तनिहित जोखीम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा:**

सिद्धार्थ व्यवस्थित लगानी योजनाको विवरण पुस्तिकाको ***दफा ८.११.को उपदफा (ख)खास जोखिम तत्वहरुको बुदाँ (१)मा निम्न बमोजिम हुने व्यवस्था कायम गरिएको:***

(१) प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बिमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा:



Siddhartha Capital Limited
Investing happiness

यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अंकित मूल्यमा प्रत्येक आर्थिक वर्षको अन्त्यमा वा योजना व्यवस्थापकको निर्णय बमोजिम आर्थिक वर्षको बिचमा समेत लगानीकर्ताहरुको लगानी रकमको अनुपातमा योजनाले कमाएको खुद मुनाफा बमोजिम लाभांश प्राप्त गर्ने छन् । यसरी लाभांश दिँदा योजनालाई आफ्नो लगानी वापत प्राप्त हुने पूँजीगत मुनाफा, व्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्ती को मूल्य वृद्धि (capital gain) वा अन्य वित्तीय कारोवारबाट भएको आम्दानीबाट दिइनेछ । प्रत्येक आर्थिक वर्षको अन्त्यमा वा योजना व्यवस्थापकको निर्णय बमोजिम आर्थिक वर्षको बिचमा समेत योजनाले खुद मुनाफाबाट लाभांश दिने निर्णय गर्नेछ । खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम संचित मुनाफा (retained earning) मा रहने छ । कुनै वर्ष योजनाको आम्दानीले नखामेमा योजनाको संचित मुनाफाबाट लाभांश दिन सकिनेछ तथापि योजनाले हरेक वर्ष निश्चित मुनाफा दिने सुनिश्चितता भने रहँदैन ।

## ६. योजनाको खर्च सम्बन्धि विवरण:

सिद्धार्थ व्यवस्थित लगानी योजनाको विवरण पुस्तिकाको ***दफा ८.६.को उपदफा (ख)मा योजनाको नियमित खर्च सम्बन्धी विवरणको बुदाँ(५)मा*** "इकाई विक्रेता/वितरक शुल्क: वितरकसँगको सम्झौता बमोजिम हुने" व्यवस्था कायम गरिएको ।

## ७. योजनाको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरण:

### ७.१ वासलातको विवरण:

(रु. हजारमा)

| विवरण | वास्तविक | प्रक्षेपित | | | | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | आ.व. २०८५/८६ |
| **क.पूँजीको श्रोत** | | | | | | |
| **ईकाईधनी कोष** | | | | | | |
| i.ईकाई पूँजी | ८७७,११४ | १,४१६,७२५ | २,०७२,६४६ | २,७१५,५१६ | ३,३०६,६३९ | ३,८९९,३९७ |
| ii.जगेडा कोष | ५८,९५० | १९२,५९१ | २४६,९८८ | २८१,५३२ | २०३,९७९ | ५०२,२६२ |
| iii.अग्रिम ईकाई पूँजी | - | - | - | - | - | - |
| iv.ईकाई पूँजी जगेडा कोष | (८४,०९०) | ४१,२९९ | २०६,६३७ | ३७०,८२९ | ५२८,२०१ | ७४२,१८१ |
| v.प्रस्तावित लाभांश | - | ४२५,०१८ | २५९,०८१ | १३५,७७६ | १६५,३३२ | ५८४,९१० |
| चालु दायित्व | ४,१४७ | २,६२१ | ८,९६४ | १२,००९ | १५,०६९ | १८,०४४ |
| **कुल श्रोत** | **८५६,१२१** | **२,०७८,२५४** | **२,७९४,३१५** | **३,५१५,६६३** | **४,२१९,२२०** | **५,७४६,७९४** |
| | | | | | | |
| **ख.पूँजीको उपयोग** | | | | | | |
| i. लगानी | ७८५,०२५ | १,५८३,६६७ | २,४५९,३२२ | ३,२५८,४५३ | ३,८८९,९९९ | ४,९९५,०२० |
| ii.बैंक मौज्दात | ५९,३३७ | ४८८,७३२ | ३२६,०४७ | २४७,४०४ | ३१६,३११ | ७३५,२५९ |
| iii.चालु सम्पत्ति | ११,७५८ | ५,८५५ | ८,९४६ | ९,८०६ | १२,९१० | १६,५१५ |
| **कुल पूँजीको उपयोग** | **८५६,१२१** | **२,०७८,२५४** | **२,७९४,३१५** | **३,५१५,६६३** | **४,२१९,२२०** | **५,७४६,७९४** |

Siddhartha Capital Limited
Investing happiness

## ७.२ आय-व्यय विवरण:

(रु. हजारमा)

| विवरण | वास्तविक | प्रक्षेपित | | | | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | आ.व. २०८५/८६ |
| **A. आम्दानी** | | | | | | |
| प्राप्त भईसकेको आम्दानी | ३६,४९३ | ४५२,८४६ | ३२५,१६३ | २२२,८०५ | १७७,०४३ | ८५०,२९४ |
| **जम्मा आम्दानी** | ३६,४९३ | ४५२,८४६ | ३२५,१६३ | २२२,८०५ | १७७,०४३ | ८५०,२९४ |
| **B.खर्च** | | | | | | |
| खर्च | ११,२१४ | ३९,४५६ | ५१,८४८ | ६४,३११ | ७६,४४५ | १०२,७१७ |
| **जम्मा खर्च** | ११,२१४ | ३९,४५६ | ५१,८४८ | ६४,३११ | ७६,४४५ | १०२,७१७ |
| **C. खुद नाफा/(नोक्सान)** | २५,२७९ | ४१३,३९० | २७३,३१५ | १५८,४९५ | १००,५९७ | ७४७,५७७ |
| प्राप्त भईनसकेको आम्दानी/(नोक्सान) मा भएको खुद परिवर्तन | ३७,२३४ | १४५,२६९ | ४०,१६२ | ११,८२५ | (१२,८१९) | १३५,६१५ |
| **वर्षको खुद नाफा** | ६२,५१३ | ५५८,६५९ | ३१३,४७८ | १७०,३२० | ८७,७७९ | ८८३,१९२ |
| D. **प्रस्तावित लाभांश** | - | ४२५,०१८ | २५९,०८१ | १३५,७७६ | १६५,३३२ | ५८४,९१० |
| **E.वासलातमा सारिएको नाफा/(नोक्सान)** | ६२,५१३ | १३३,६४२ | ५४,३९७ | ३४,५४४ | (७७,५५३) | २९८,२८२ |

## ७.३ नगद-प्रवाह विवरण:

(रु. हजारमा)

| विवरण | वास्तविक | प्रक्षेपित | | | | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | आ.व. २०८५/८६ |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | | | | | |
| **खुद नाफा/नोक्सान** | ६२,५१३ | ५५८,६५९ | ३१३,४७८ | १७०,३२० | ८७,७७९ | ८८३,१९२ |
| घटाउ : प्राप्त भईनसकेको आम्दानी | (३७,२३४) | १४५,२६९ | ४०,१६२ | ११,८२५ | - | १३५,६१५ |
| जोड : प्राप्त भईनसकेको नोक्सान | - | - | - | - | १२,८१९ | - |
| **क्रियाशिल पूँजी समायोजन अघिको नगद प्रवाह** | २५,२७९ | ४१३,३९० | २७३,३१५ | १५८,४९५ | १००,५९७ | ७४७,५७७ |
| चालु सम्पत्ती (बढि)/घटि | (३८४,७२२) | ५,९०४ | (३,०९१) | (८६१) | (३,१०४) | (३,६०५) |
| चालु दायित्व बढि/(घटि) | १,६४३ | (१,५२७) | ६,३४३ | ३,०४६ | ३,०६० | २,९७५ |
| क. **संचालन गतिविघिबाट प्राप्त कुल नगद प्रवाह** | (३५७,८००) | ४१७,७६७ | २७६,५६७ | १६०,६७९ | १००,५५३ | ७४६,९४७ |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | | | | | |
| धितोपत्रमा लगानी | (३१,६०६) | (६५३,३७२) | (८३५,४९३) | (७८७,३०५) | (६४४,३६५) | (९६९,४०७) |
| ख. **लगानी गतिविघिबाट प्राप्त कुल नगद प्रवाह** | (३१,६०६) | (६५३,३७२) | (८३५,४९३) | (७८७,३०५) | (६४४,३६५) | (९६९,४०७) |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | | | | | | |
| इकाई पूँजी बढि/(घटि) | ४२२,९६३ | ५३९,६११ | ६५५,९२० | ६४२,८७१ | ५९१,१२२ | ५९२,७५९ |
| इकाई पूँजीको जगेडा कोष बढि/(घटि) | (४२,१४४) | १२५,३८९ | १६५,३३८ | १६४,१९३ | १५७,३७१ | २१३,९८० |
| अग्रिम ईकाई पूँजी | - | - | - | - | - | - |
| लाभांश वितरण | - | - | (४२५,०१८) | (२५९,०८१) | (१३५,७७६) | (१६५,३३२) |
| ग. **वित्तीय गतिविघिबाट प्राप्त कुल नगद प्रवाह** | ३८०,८१९ | ६६५,००० | ३९६,२४० | ५४७,९८३ | ६१२,७१८ | ६४१,४०७ |
| घ. **खुद नगद प्रवाह (क+ख-ग)** | (८,५८७) | ४२९,३९५ | (१६२,६८५) | (७८,६४३) | ६८,९०६ | ४१८,९४८ |



Siddhartha Capital Limited
Investing happiness

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ङ शुरुको नगद तथा बैंक मौज्दात | ६७,९२५ | ५९,३३७ | ४८८,७३२ | ३२६,०४७ | २४७,४०४ | ३१६,३११ |
| **च नगद तथा बैंक मौज्दात (घ+ङ)** | ५९,३३७ | ४८८,७३२ | ३२६,०४७ | २४७,४०४ | ३१६,३११ | ७३५,२५९ |

## ७.४ प्रति ईकाई खुद सम्पत्ति मूल्यको गणना सम्बन्धि विवरण:

(रु. हजारमा)

| विवरण | वास्तविक | प्रक्षेपित | | | | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | आ.व. २०८५/८६ |
| **ईकाइ पूँजि** | ८७७,११४ | १,४१६,७२५ | २,०७२,६४६ | २,७१५,५१६ | ३,३०६,६३९ | ३,८९९,३९७ |
| सूचिकरण भएका शेयरहरु | ६८३,४७१ | १,३०१,११४ | १,९८६,५१५ | २,६०३,९१२ | ३,०६१,९०२ | ३,९१९,७८३ |
| IPO/हकप्रद शेयरहरु | ८,९९० | ४९,९८९ | १०३,३६७ | १५७,६६९ | २१३,०४२ | २९०,३४३ |
| निश्चित आम्दानी उपकरणहरु | ९२,५६४ | २३२,५६४ | ३६९,४४० | ४९६,८७१ | ६१५,०५४ | ७८४,८९४ |
| संचालन बैंक खाता | ५९,३३७ | ४८८,७३२ | ३२६,०४७ | २४७,४०४ | ३१६,३११ | ७३५,२५९ |
| अन्य चालु सम्पत्ति | ११,७५८ | ५,८५५ | ८,९४६ | ९,८०६ | १२,९१० | १६,५१५ |
| चालु दायित्व | ४,१४७ | १२७ | १२७ | १२७ | १२७ | १२७ |
| **क.कूल खुद सम्पत्ति मूल्य** | ८५१,९७४ | २,०७८,१२८ | २,७९४,१८९ | ३,५१५,५३७ | ४,२१९,०९३ | ५,७४६,६६७ |
| तिर्न बाँकि योजना व्यवस्थापकको शुल्क | - | २,११८ | ७,६६० | १०,३०० | १२,९५९ | १५,५५३ |
| तिर्न बाँकी डिपोजीटरी शुल्क | - | २८२ | १,०२१ | १,३७३ | १,७२८ | २,०७४ |
| तिर्न बाँकी कोष सूपरिवेक्षक शुल्क | - | ९४ | १५५ | २०९ | २५६ | २९१ |
| **ख.खुद सम्पत्ति मूल्य** | ८५१,९७४ | २,०७५,६३३ | २,७८५,३५२ | ३,५०३,६५४ | ४,२०४,१५० | ५,७२८,७५० |
| **ग.कुल इकाइ संख्या** | ८७,७११ | १४१,६७३ | २०७,२६५ | २७१,५५२ | ३३०,६६४ | ३८९,९४० |
| **घ.लाभांश अघिको प्रति इकाइ खुद सम्पत्ति मूल्य** | ९.७१ | १४.६५ | १३.४४ | १२.९० | १२.७१ | १४.६९ |
| **ङ.लाभांश पछिको प्रति इकाइ खुद सम्पत्ति मूल्य** | ९.७१ | ११.६५ | १२.१९ | १२.४० | १२.२१ | १३.१९ |
| च.प्रस्तावित लाभांश | - | ४२५,०१८ | २५९,०८१ | १३५,७७६ | १६५,३३२ | ५८४,९१० |
| छ.लाभांश प्रति इकाइ | - | ३.०० | १.२५ | ०.५० | ०.५० | १.५० |

## ७.५ वित्तिय प्रक्षेपणका आधारहरु:

योजनाका प्रक्षेपित वित्तीय विवरणहरु योजना व्यवस्थापक कम्पनी श्री सिद्धार्थ क्यापिटल लिमिटेडको व्यवस्थापनले तयार गरेको हो । प्रक्षेपित वित्तीय विवरण ठिक छ भनि पि एण्ड बि एसोसिएटस्का चार्टड एकाउन्टेन्टले प्रमाणित गर्नु भएको हो । योजनाको प्रक्षेपणको आधारहरु देहाय बमोजिम रहेको छः

### क. योजनाको आम्दानी सम्बन्धि विवरणः

१. सञ्चालन खाताहरू (कल खाताहरू) बाट आय पहिलो २ वर्षको लागि २% र अर्को ३ वर्षको लागि २.५% को औसत दरमा गणना गरिएको । स्थिर आय धितोपत्रको आय पहिलो २ वर्षको लागि ६%, तेस्रो वर्षको लागि ७% र अर्को २ वर्षको लागि ८% अनुमानित ब्याजदरमा गणना गरिएको ।

२. समग्र नगद तथा बोनस लाभांश आम्दानीको गणना पहिलो २ वर्षको लागि ८% yield र अर्को ३ वर्षको लागि ५% yield प्राप्त गरिने अनुमान गरिएको र सो गणनामा अघिल्लो वर्षको सम्पूर्ण सूचिकृत शेयरहरूमा लगानी र यो वर्षको औसत अतिरिक्त लगानीको आधारमा गरिएको ।

३. समग्र पूँजीगत लाभ/मूल्यांकन (capital gain/appreciation) लगानीको लागि उपलब्ध अनुमानित औसत रकमको आधारमा अनुमान गरिएको छ। सूचिकृत स्टकहरूमा लगानी गर्दा पहिलो वर्ष ५०%, दोस्रो वर्ष १०%, तेस्रो वर्ष ०%, चौथो वर्ष -५% र पाँचौं वर्ष १५% पुँजीगत लाभ हुने अनुमान गरिएको छ ।



Siddhartha Capital Limited
Investing happiness

४. IPO तथा हकप्रद शेयरबाट हुने पूँजिगत लाभ पहिलो र पाँचौं वर्षको लागि ८० प्रतिशत र अन्य तीन वर्षको लागि ५० प्रतिशत हुने अनुमान गरिएको छ ।

**ख. योजनाको नियमित खर्च सम्बन्धी विवरण:**

१. नियमावलीको व्यवस्था बमोजिमको नेपाल धितोपत्र बोर्डमा योजना थप दर्ता शुल्क ।

२. सामुहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था अनुसार दैनिक कायम भएको खुद सम्पत्ति मूल्यको गणना गरी सोको त्रैमासिक औषत कायम गरी त्रैमासिक रुपमा १.५० प्रतिशतका दरले कोष व्यवस्थापन शुल्क, ०.२ प्रतिशतका दरले डिपोजिटरी शुल्क तथा सामुहिक लगानी कोष नियमावलीले तोके बमोजिमको सिमा भित्र रहने गरी कोष प्रवर्द्धक सँगको सम्झौतामा भएको व्यवस्था अनुसारको कोष सुपरिवेक्षक शुल्क ।

३. लेखा परिक्षण शुल्क ।

४. प्रचलित कानून बमोजिमको सुचना प्रकाशन तथा अन्य जानकारी तथा प्रतिवेदन प्रकाशन शुल्क ।

५. सफ्टवेयर तथा वार्षिक सफ्टवेयर शुल्क ।

६. इकाई विक्रेता/वितरक शुल्क: वितरकसँगको सम्झौता बमोजिम ।

७. व्यापार प्रवर्धन शुल्क रु.१० लाख प्रति वर्ष ।

८. सिडिएस (CDS) संग सम्बन्धित शुल्क- नियम अनुसार लाग्ने शुल्क ।

**ग. कोषको रकम लगानी गरिने क्षेत्रको विनियोजन (खुद सम्पत्ती मूल्य (NAV) को आधारमा):**

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | आ.व. २०८५/८६ |
|---|---|---|---|---|---|
| लगानी कोषको विनियोजन (खुद सम्पत्ती मूल्यको %) | | | | | |
| सूचिकृत धितोपत्र | ६३% | ७१% | ७४% | ७३% | ६८% |
| IPO/हकप्रद शेयरमा लगानी | २% | ४% | ४% | ५% | ५% |
| निश्चित आम्दानी उपकरण | ११% | १३% | १४% | १५% | १४% |
| संचालन खाताहरु | २४% | १२% | ७% | ७% | १३% |
| **कुल** | १००% | १००% | १००% | १००% | १००% |

योजनाले न्युनतम लगानी आधार निर्माणका लागिं विभिन्न उद्देश्य राखी सूचिकृत धितोपत्रमा गर्ने लगानीको अनुमानित सिमा निर्धारण गरिएको छ । बजारको अवस्था, लगानी गरिएको धितोपत्रको मूल्यमा आउने उतार चढाव आदिले उक्त सिमामा हेरफेर हुन सक्ने । वित्तीय प्रक्षेपण तथा सोका आधारहरु सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३६ को उपनियम १ र २ को लगानी सीमाभित्र रहेको छ ।

**घ) योजनाको अनुमानित आकार (खरीद/बिक्री तथा बीज पूँजि समेत समावेश गरी):**

| विवरण | आ.व.२०८१/८२ | आ.व.२०८२/८३ | आ.व.२०८३/८४ | आ.व.२०८४/८५ | आ.व.२०८५/८६ |
|---|---|---|---|---|---|
| योजनाको अनुमानित आकार(रु.) | १,४१६,७२५,३५४ | २,०७२,६४५,६०३ | २,७१५,५१६,४३४ | ३,३०६,६३८,५१८ | ३,८९९,३९७,४३४ |

**८. योजना सम्बन्धि विवरण:**

**योजनाको हालसम्म बिक्री भएको इकाइ संख्या, व्यवस्थित लगानी योजना (SIP) मा आबद्ध इकाइधनीहरु, योजना (SIP) मा आबद्ध इकाइधनीहरुको औषत SIP मा लगानी रकम, योजनाको अन्य इकाइधनीहरुको संख्या लगायतको विवरण निम्न बमोजिम रहेको छ ।**

Siddhartha Capital Limited
Investing happiness

| क.सं. | विवरण (२०८१ भाद्र मसान्तसम्मको) | संख्या |
|---|---|---|
| १. | योजनाको हालसम्म बिक्री भएको इकाइ संख्या | ९२,७६१,४०६.५३ |
| २. | व्यवस्थित लगानी योजना (SIP) मा आबद्ध इकाइधनीहरुको संख्या | १७,६७९ |
| ३. | योजनामा लगानी गर्ने अन्य इकाइधनीहरु | ३८,७१९ |
| ४. | बीज पूँजी लगानी गर्ने इकाईधनीहरु | २ |
| ५. | जम्मा इकाईधनीहरुको संख्या (२+३+४) | ५६,४०० |
| ६. | व्यवस्थित लगानी योजना (SIP) मा आबद्ध इकाइधनीहरुको औषत SIP लगानी रकम (रु.) | ३,१३४.४३ |
| ७. | लाभांश पुन लगानी योजना (DRIP) मा आबद्ध इकाइधनीहरुको संख्या | १६,४०५ |
| ८. | व्यवस्थित लगानी फिर्ता योजना (SWP) मा आबद्ध इकाइधनीहरुको संख्या | हाल सम्म नभएको |

**९. सिद्धार्थ व्यवस्थित लगानी योजनाको हालको प्रति इकाइ खुद सम्पत्ति मूल्य (NAV):**

२०८१ भाद्र मसान्तसम्मको रु.१०.८५/-

**१०. योजनाको हालसम्म गरिएको बीज पूँजीको लगानी सम्बन्धि विवरण:**

| बीज पूँजि (२०८१ असार मसान्तसम्मको) | |
|---|---|
| क. कोष प्रवर्द्धकको तर्फबाट | रु.९,०३,९५,०२०/- (१,००,००,००० इकाइ) |
| ख. योजना व्यवस्थापकको तर्फबाट | रु.४,५१,९७,५२०/- (५०,००,००० इकाइ)<br>(नोट: योजनाको तत्कालिन प्रति इकाइ मुल्यमा लगानी गरिएको ।) |

**११. योजनाको हालको आकार र खुद सम्पत्ति मूल्य सम्बन्धि विवरण:**

| विवरण | योजनाको आकार (रु.) | खुद सम्पत्ति मूल्य (रु.) |
|---|---|---|
| २०८१ भाद्र मसान्त | ९२७,६१४,०६५.३ | १,००६,८२१,९७८.५७ |

**१२. योजनाको आकार र योजनाको तरलतामा आउनसक्ने जोखिम तथा जोखिम व्यवस्थापनमा अपनाइने उपायहरु सम्बन्धी जानकारी:**

योजनाको ईकाइधनीहरुबाट भविष्यमा एकैसाथ वा छोटो अवधिमा उल्लेख्य रकम फिर्ता भुक्तानीका लागि माग भएको खण्डमा फिर्ता भुक्तानी गर्नका लागि योजनाले धितोपत्र तथा अन्य क्षेत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा परिणत गर्नुपर्ने भएको हुँदा योजनामा तरलता सम्बन्धि जोखिम रहन सक्छ र सोको व्यवस्थापनको लागि निम्न उपायहरु अविलम्बन गरिनेछ ।

क. कुल योजनाको १० देखि १५ प्रतिशत सम्पत्ति नगद वा नगद सरहको बजार उपकरणहरु राख्ने ।

ख. बजारको अवस्था हेरी कुल योजनाको न्यूनतम १५ प्रतिशत र अधिकतम ८० प्रतिशतसम्मको रकम स्थिर आय उपरकरणहरु जस्तै बण्ड/डिवेञ्चर वा सरकारी ऋणपत्र, मुद्दती निक्षेप आदीमा लगानी गरिने र आवश्यकता अनुसार यस्तो लगानी वापत बैंक तथा वित्तीय संस्थाहरुमा धितो राखी ऋण लिन सकिने व्यवस्था गरिएको ।

ग. कोष प्रवद्धक सिद्धार्थ बैंक लिमिटेडबाट तरलता व्यवस्थापनको लागि प्रतिबद्धता प्राप्त भएको ।

घ. योजनाको खुद सम्पत्तिको बढीमा २० प्रतिशत सम्म रकम बढीमा छ महिनाका लागि अन्य वाणिज्य बैंकहरुबाट कर्जा लिने ।



Siddhartha Capital Limited
Investing happiness